# १२

# न्तर्राष्ट्रिय श्रम संगठनको घरेलु कामदारहरुको मर्यादित काम सम्बन्धि अभिसन्धि नम्बर १८९ (ILO C 189) अनुमोदन गर्नुपर्ने १२ कारणहरु




MIGRANT FORUM in ASIA

माईग्रेन्ट फोरम ईन एशिया (MFA)
www.mfasia.org



# १

## संसारभर ६ करोड ७० लाख घरेलु कामदारहरु छन् ।

अन्तर्राष्ट्रिय श्रम संगठनको तथ्याङ्क अनुसार हाल विश्वमा ६ करोड ७० लाख घरेलु कामदारहरु रहेका छन् । तिनले विश्व श्रमशक्तिको ठूलो हिस्सा ओगटेका छन् । 189 ले घरेलु कामदारका मौलिक अधिकारहरुको पुष्टि गर्नुका साथै घरेलु कामदारका लागि न्यूनतम श्रम मापदण्ड निर्धारण गर्दछ ।

# २

## घरेलु कामदारहरु श्रमिक हुन् ।

रोजगारदाताहरुले घरेलु कामदारहरुलाई हेर्ने विषयमा बिभिन्न धारणाहरु रहेको पाईन्छ - “नोकर”, “सहयोगी”, “सेवक”, “मेईड्”अनि“परिवारको सदस्य”पनि । घरेलु कामदारहरुलाई ‘कामदार’बाहेक अन्य केही रुपमा बुझिएमा घरेलु कामदार माथि हुने सबै किसिमका अन्यायपूर्ण, विभेदपूर्ण, अनादरपूर्ण, अमर्यादित, अमानविय, हिंसक, वा गैरकानुनी व्यवहारहरुको औचत्य पुष्टि गर्न रोजगारदाता तथा राज्यलाई मद्दत पुग्दछ । घरेलु कामलाई कामका रुपमा मान्यता दिंदा घरेलु कामदारको कार्यस्थलमा मर्यादा र सम्मान कायम रहनु’, उनीहरुको श्रमिक अधिकारलाई बैधानिकता प्राप्त हुनुका साथै श्रमिक मापदण्ड लागु गर्ने गरी रोजगारदाताहरु अधिकारीहरुको नजरमा आउनेछन् । हाम्रो समाजले घरेलु कामलाई हेर्ने दृष्टिकोणमा आएको प्रतिमान परिवर्तनलाई यस अभिसन्धिले पहिचान दिन्छ अनि संहितावद्ध गर्दछ ।

# ३

## कुल घरेलु कामदारहरु मध्ये ८०% महिलाहरु छन् ।

८०% घरेलु कामदारहरु महिलाहरु छन् त्यसैले घरेलु काम अझै पनि महिला केन्द्रित क्षेत्रको रुपमा रहेको छ । ILO को तथ्याङ्क अनुशार विश्वमा प्रत्येक २५ जनामा १ जना महिला कामदार घरेलु कामदार हुन् । ILO C189 महिला अधिकारको लागि लामो संघर्षमा एउटा कोषेढुङ्गा हो । यसले महिला घरेलु कामदारहरुले केवल उनीहरुले प्राकृतिक रुपमा उपयुक्त स्याहार सुसारको काम गर्दछन् र कामलाई नियन्त्रण गर्ने सामान्य नियमहरु यसका लागि लागु हुँदैन भन्ने धारणालाई चुनौति दिन्छ । ILO C189 अनुमोदन श्रमको संसारमा लैंगिक समानतामा अघि बढ्नका लागि एउटा खुड्किलो हो जसले कानुनतः महिलाहरुको समान अधिकार तथा संरक्षण सुनिश्चित गर्दछ ।

# ४

## अनौपचारिक क्षेत्रको अधिकारहरुलाई पहिचान र मान्यता देउ ।

अनौपचारिक रोजगारीमा विश्व श्रमशक्तिको उल्लेख्य हिस्सा घरेलु कामदारहरुले ओगट्दछन् । आधुनिक अनौपचारिक क्षेत्रको उत्थान नवउदारवादी आर्थिक प्रणालीको उदयको प्रतिकृया स्वरुप भएको हो जो आफ्नो अस्तित्वको लागि न्यून दक्ष तथा सिमान्तकृत कामदारहरुको शोषण र उपयोगमा निर्भर रहन्छ । यस प्रणाली अन्तर्गत आफ्ना अधिकारहरु अनुभुत र महसुस गर्नका लागि कामदारहरुले ILO को निरन्तर सहयोगमा लामो संघर्ष गरेका छन् । यो अभिसन्धिले, कुनै दिन मर्यादित कामको अधिकार पनि अनुभूत गर्न पाईने छ भनि संघर्ष जारी राखेका कामदारहरुको आशालाई प्रतिनिधित्व गर्दछ ।











## ५ वाध्यकारी श्रम अन्त्यतर्फको एउटा पाईला हो ।

कामको प्रकृतिले गर्दा धेरै घरेलु कामदारहरु अलग्गै काम गर्दछन् जहाँ उनीहरुको कामको अवस्था तथा शोषण, हिंसा तथा दुर्व्यवहारको निरिक्षण वा निगरानी नगण्य मात्र हुन्छ । धेरैले शारिरिक, मौखिक, तथा यौनिक हिंसा, आरामको अभाव, ज्याला नपाउने जस्ता प्रकारका दुर्व्यवहार अनुभव गर्दछन् । उनीहरुको अवस्था सहजै वाध्यकारी श्रममा परिणत हुन सक्दछ । ILO C189 को अनुमोदन तथा कार्यान्वयनले यस्ता दुर्व्यवहारहरुको अन्त्य तथा वाध्यकारी श्रमलाई सम्बोधन गर्ने दिशामा लैजाने कुराको प्रत्याभूति दिन्छ ।

## ६ बालश्रम अन्त्यतर्फको एउटा पाईला हो ।

विश्वभर लाखौं बालबालिकाहरु आफ्नो घर भन्दा बाहिर अरुको घरमा परिश्रमिक लिई वा नलिई काम गर्न वाध्य छन् । यस्ता धेरै बालबालिकाहरु जोखिमपूर्ण अवस्थामा छन् किनभने उनीहरु न्यूनतम ज्याला भन्दा कम र खतरायुक्त अवस्थामा काम गरिरहेका छन् । ILO C189 ले बालबालिकाहरुलाई घरेलु कामबाट जोगाउन राज्यसँग मागगर्दछ साथै कानुनी रुपमा काम गर्न योग्य युवा कामदारहरुलाई पनि उनीहरुको शिक्षामा कुनै सम्झौता नगरीकन समुचितकामको अवस्था प्रदान भएको सुनिश्चित गर्दछ ।

## ७ अनुमोदनले सबै कामदारहरुको विशेषगरी घरेलु कामदारहरुको सामाजिक संरक्षण र सुरक्षालाई प्रर्वद्धन गर्दछ ।

ILO अभिसन्धि नम्बर १८९ घरेलु कामदारका लागि समुचित काम तथा आवासको अवस्था, मानव अधिकारको सम्मान, मौलिक हक तथा सामाजिक सुरक्षामा पहुँच प्राप्त गर्नका लागि महत्वपूर्ण खुड्किलो हो । ILO C189 को दफा १४ ले कामदारहरुको हकमा सामान्यतया लागु हुने अवस्था भन्दा कम अनुकुल नहुने गरी घरेलु कामदारले मातृत्वसँग सम्बन्धित लगायतका सामाजिक सुरक्षा तथा संरक्षणसँग सम्बन्धित हक उपभोग गर्न पाउनु पर्दछ भनेको छ ।

## ८ "स्याहार(सुसार)को काम" को बढ्दो मागलाई सम्बोधन गर्दछ ।

धेरै देशहरुले न्यून जन्मदर, न्यून मृत्युदर तथा उच्च आयु जस्ता जनसांखिक संक्रमण व्यहोरि रहेकाछन् । यसको अर्थ धेरै मानिसहरुलाई सहयोग र स्याहारको आवश्यकता पर्नेछ तर न्यून जन्मदरका कारण कमै व्यक्तिहरुले मात्र स्याहार प्रदान गर्न सक्नेछन् । धेरै देशहरुमा आप्रवासी घरेलु कामदारहरुलाई समाधानका रुपमा लिने गरिएको छ । यद्यपि यस्ता धेरै देशहरुमा सरकारले घरेलु कामदारको बढ्दो मागलाई बेवास्ता गर्दछ र आप्रवासी घरेलु कामदारहरुका लागि सहयोग र संरक्षण प्रदान गर्न सकिरहेको छैन । फलस्वरुप शोषणमूलक कामको अवस्था, सीप तथा दक्षताको पहिचानमा अवरोध, अपर्याप्त सेवा(सुविधा) सिर्जना हुन्छ । ILO C189 को अनुमोदन तथा कार्यान्वयनले यस्ता सरोकारहरुको सम्बोधन हुन्छ ।

## ९ आप्रवासी घरेलु कामदारहरुले उद्गम तथा गन्तव्य राष्ट्रहरुको विकासमा योगदान दिएका छन ।

सन् २०१५ को आप्रवासन तथा विकास सम्बन्धि विश्वमञ्च (GFMD) मा छलफल भएका मूख्य विषयहरु मध्ये एक, उद्गम तथा गन्तव्य राष्ट्रको आर्थिक तथा सामाजिक विकासमा आप्रवासी घरेलु कामदार लगायतका महिला आप्रवासी कामदारहरुको योगदानको मान्यता दिनु थियो । बढ्दो पाको उमेरहरुको समाजमा काम र परिवारको उत्तरदायित्वको सन्तुलनलाई कायम राख्दै उत्पादन मुलक श्रम बजारमा आफ्ना महिला तथा पुरुषहरु सहभागिताकालागि उपलब्ध भएकाले गन्तव्य र आश्रय राष्ट्रले हासिल गर्ने आर्थिक तथा सामाजिक लाभ तर्फ सरकारले हेर्नुपर्ने आवश्यकता रहेको उक्त GFMD ले पहिचान गरेको थियो । अभिसन्धि अनुमोदन गर्नु भनेको घरेलु कामको आर्थिक तथा सामाजिक मूल्यको बलियो मान्यता हुनुका साथै विद्यमान अवस्थामा श्रम तथा सामाजिक संरक्षणमा बहिस्करणको सम्बोधनका लागि माग हो ।

## १० C189 को अनुमोदनले स्वच्छ भर्ना प्रकृयालाई प्रवर्धन गर्दछ ।

ILO C189 मा भर्ना प्रकृयामा आप्रवासी घरेलु कामदारहरुको संरक्षणका लागि विशिष्ट प्रावधानहरु गरिएको छ । यसले कामदार, विशेषगरी घरेलु कामदार, सँग भर्ना प्रकृयाका लागि कुनै पनि शुल्क लिन नपाईने सिद्धान्तलाई संस्थागत गरेको छ । यस अभिसन्धिले घरेलु कामदारहरुलाई रोजगारीका शर्त तथा अवस्थाहरु बारे सुचित गरिनु पर्ने, रोजगारीको देशमा लागु हुने लिखित सम्झौता प्रदान गरिनु पर्ने, निजी भर्ना र रोजगार व्यवसायीहरुले गर्ने दुर्व्यवहारपुर्ण अभ्यासहरुबाट संरक्षण गर्नु पर्ने, भनेको छ । यस अभिसन्धिले राष्ट्रहरुले दुर्व्यवहार तथा ठगीका अभ्यासहरुको रोकथाम गर्न द्विपक्षिय तथा वहुपक्षिय सम्झौताहरु गर्नु पर्ने माग समेत गर्दछ ।

## ११ मानव वेचविखन रोकथाम तर्फको एउटा पाईला हो ।

ILO C189 को अनुमोदन तथा कार्यान्वयनले आप्रवासी घरेलु कामदारको वेचविखन हुने अवस्थालाई सम्बोधन गर्ने लक्ष्य लिएको छ । यसले निजी भर्ना र रोजगार व्यवसायीहरुको नियमन, आप्रवासीहरुको भर्ना प्रकृयामा देखिने समस्याहरुको सम्बोधन र कार्यस्थलमा संरक्षणका लागि बलियो प्रावधानहरु प्रदान गरेको छ । ILO C189 ले घरेलु कामदारको संरक्षण वृद्धि गर्ने, विशेषगरी वाध्यकारी श्रमको रोकथाम र मानव वेचविखनसँग सरोकार राख्ने विषयहरुमा द्विपक्षिय, क्षेत्रिय तथा विश्व स्तरमा समन्वय गर्न सिफारिस समेत गरेको छ ।

## १२ प्रतिनिधित्व, आवाज, सौदावाजी गर्ने भूमिका तथा घरेलु कामदारको हकहित रक्षा गर्ने युनियन र संगठनको सहभागिता संस्थागत गर्दछ ।

धेरै देशहरुमा घरेलु कामदारलाई श्रम कानुन अन्तर्गत कामदारका रुपमा मान्यता दिईएको छैन । फलस्वरुप, उनीहरु संगठीत हुने तथा सामूहिक सौदावाजीको अधिकारबाट वञ्चित हुनुपरेको छ । ILO C189 को अनुमोदन तथा कार्यान्वयनले यो अधिकार सुनिश्चित गर्दछ । अभिसन्धिको दफा ३ भाग 'ए' ले घरेलु कामदारहरुको काममा मौलिक सिद्धान्त तथा अधिकारहरु, विशेषगरी संगठनको स्वतन्त्रता तथा सामूहिक सौदावाजीको अधिकारको प्रभावकारी मान्यतालाई मान्यता दिएको छ ।

यस प्रकाशनमा भएका तस्वीरहरु माईग्रेन्ट फोरम ईन एशियाका सदस्यहरु: रेफ्यूजी एण्ड माईग्रेटरी मोभमेन्ट्स रिसर्च यूनिट (RMMRU), महिला पुनर्स्थापना केन्द्र (WOREC), नेशनल वर्कर्स ट्रष्ट (NWWT) को सौजन्यमा प्रयोग गरिएको हो ।

माईग्रेन्ट फोरम ईन एशिया (MFA) एशियामा आप्रवासी कामदार तथा तिनका परिवारहरुको सामाजिक न्यायका लागि सँगै काम गर्ने स्थानिय स्तरमा काम गर्ने संस्थाहरु, ट्रेड युनियनहरु, धार्मिक समूहहरु, आप्रवासी तथा तिनका परिवारका सदस्यहरु तथा पैरवीकर्ता व्यक्तिहरुको एउटा सञ्जाल हो । सन् १९९४ देखि निरन्तर रुपमा MFA का सदस्य तथा साझेदार, गठबन्धन तथा सञ्जालहरु, मार्फत यस क्षेत्रमा करिब २६० सदस्य संख्या छन् र प्रत्येक वर्ष वृद्धि हुँदै गईरहेको छ ।

www.mfasia.org
www.facebook.com/migrantforumasia

यो एउटा अभियान हो जसले घरेलु कामदारहरुलाई अन्तर्राष्ट्रिय श्रम संगठनको घरेलु कामदारका लागि मर्यादित काम सम्बन्धि अभिसन्धि संख्या १८९ (घरेलु काम पनि काम हो र घरेलु कामदारलाई पनि अन्य सबै कामदार सरह अधिकार भएको कामदार हुन् भन्ने मान्यता दिएको अभिसन्धि), ले प्रत्याभूत गरेका हकअधिकार बारे जानकारी गराउने लक्ष्य लिएको छ ।
www.dwrights.org
https://web.facebook.com/domesticworkerrights/